प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

प्रदेश सरकार भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय कृषि विकास निर्देशनालय कृषि ज्ञान केन्द्र, म्याग्दी गण्डकी प्रदेश, नेपाल

## कृषि विकास कार्यक्रम संचालनका लागि प्रस्ताब माग सम्बन्धि सूचना।

(प्रथम पटक प्रकाशित मितिः २०७७/०६/२७)

यस केन्द्रको आ.व. २०७७/७८ को स्वीकृत कार्यक्रम वमोजिम तपसिलका कार्यक्रम सञ्चालन गर्न ईच्छुक म्याग्दी र मुस्ताङ्ग जिल्लाका कृषक, कृषि फर्म, कृषक समूह, कृषि सहकारी, सामुदायिक बीउ बैंक व्यवस्थापन समिति तथा जल उपभोक्ता समितिले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र तोकिएको ढाँचामा प्रस्ताव सहित देहाय अनुसारका कागजातहरु यस केन्द्रमा वा केन्द्रको सम्पर्क ईकाई, मुस्ताङ्गमा पेश गर्नका लागि सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क सं | कार्यक्रमको किसिम | अधिकतम अनुदान सहयोग | कार्यक्रम संख्या | बजेट रु लाखमा | मापदण्ड |
|---|---|---|---|---|---|
| १ | फलफूल तथा नगदे वाली विरुवा नर्सरी स्थापना कार्यक्रम | स्वीकृत बार्षिक बजेटको परिधिभित्र रही प्रस्तावित परियोजनाको लागतको बढीमा ५०% सम्म | ३ | १५.० | • कृषि फर्म, कृषि कम्पनी, कृषक समुह र कृषि सहकारी संस्थाहरुले आवेदन पेश गर्न सक्नेछन् ।<br>• नर्सरी घर स्थापना गर्दा न्यूनतम २५० वर्गमिटर हुनुपर्नेछ, जसमा न्यूनतम २००० वहुवर्षे फलफुल विरुवा उत्पादन गर्नुपर्नेछ।<br>• सुन्तला जात नर्सरी स्थापना गर्दा समुन्द्रि सतह देखी १००० मिटर भन्दा माथिको उचाई भएको स्थान हुनुपर्नेछ। |
| २ | कृषि यान्त्रीकरण अनुदानमा वितरण कार्यक्रम | स्वीकृत बार्षिक बजेटको परिधिभित्र रही प्रस्तावित परियोजनाको लागतको बढीमा ७५% सम्म | ४० | १२.० | • यस कार्यक्रममा मिनीटिलर र पावर टिलर (अधिकतम २० एच.पि सम्म), पावर स्प्रेयर, खाडल खन्ने मेसिनरी औजार, विउ प्रसोधन मेशिनहरु, अन्नवाली, फलफुल र तरकारी खेतीको लागि आवश्यक पर्ने यन्त्र उपकरणहरुका लागि कृषक, कृषि फर्म, कृषि कम्पनी, कृषक समुह र कृषि सहकारी संस्थाहरुले आवदेन दिन सक्नेछन् । |
| ३ | घर घरमा प्राङ्गारिक मल उत्पादन सहयोग कार्यक्रम | स्वीकृत बार्षिक बजेटको परिधिभित्र रही प्रस्तावित परियोजनाको लागतको बढीमा ९०% सम्म | ५० | १२.५ | • यो कार्यक्रममा कृषक समूह वा कृषि सहकारी संस्थाहरुले मात्र आवेदन पेश गर्न सक्नेछन्।<br>• यो कार्यक्रम संचालनका लागि एउटै कलष्टरमा कम्तिमा १० घरधुरी संलग्न हुनु पर्नेछ भने प्रत्येक घरधुरीले कम्तीमा पनि १ रोपनी क्षेत्रफलमा फलफूल वा तरकारी वा नगदे वालीको खेती गरेको हुनु पर्नेछ। |

फोन नं: ०६९-५२०६३०, इमेल: akcmyagdi@gmail.com, वेब साइट: myagdi.akc.gov.np

२०७७/०६/२६

ज्ञान केन्द्र प्रमु

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | • यस कार्यक्रममा भकारो सुधार, झोलमल, जीवामृत तयार र भर्मिकम्पोष्ट उत्पादन कार्य गर्नुपर्नेछ। |
| ४ | ग्रामिण क्षेत्रमा करेसावारी तथा घर वगैंचा स्थापना कार्यक्रम | स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही प्रस्तावित परियोजनाको लागतको बढीमा ९०% सम्म | ३८ | १९.० | • कृषक समूह र कृषि सहकारी संस्थाहरुले कम्तीमा १० घरधुरी संलग्न हुने गरी क्लस्टर वनाई आवेदन पेश गर्न सक्नेछन् । • प्रत्येक घरधुरीले कम्तीमा पनि ६० वर्गमिटरमा १ वटा प्लाष्टिक टनेल, २ मौरी घार, भकारो सुधार तथा मलमुत्र संरक्षण, कम्तिमा ३ किसिमका १० वटा फलफूलका बोटविरुवा लगाउनुपर्नेछ। |
| ५ | व्यवसायिक फलफूल खेती गर्न ईच्छुक कृषकहरुलाई अनुदानमा फलफूल विरुवा र आवश्यक कृषि सामाग्री वितरण कार्यक्रम | स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही प्रस्तावित परियोजनाको लागतको बढीमा ७५% सम्म | १० हेक्टर | १०.० | • कृषक, कृषि फर्म, कृषि कम्पनी, कृषक समुह र कृषि सहकारी संस्थाहरुले आवदेन दिन सक्नेछन् । • कार्यक्रममा संलग्न हुने प्रत्येक कृषकहरुले कम्तिमा पनि ३ रोपनी क्षेत्रफलमा फलफूल खेती गर्नुपर्नेछ। |
| ६ | मकै, भट्टमास र चैते धान खेती विस्तार प्रवर्द्धन कार्यक्रम | स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही प्रस्तावित परियोजनाको लागतको बढीमा ९०% सम्म | ३० हेक्टर | १५.० | • यो कार्यक्रम संचालनका लागि एउटै कलष्टरमा कम्तिमा १० घरधुरी संलग्न हुनु पर्नेछ भने मकै वालीको लागि कम्तीमा पनि १०० रोपनी, चैते धान कम्तीमा ५० रोपनी र भट्टमास ३० रोपनी क्षेत्रफलमा खेती गर्नु पर्नेछ। • खेती गर्दा कृषि ज्ञान केन्द्रले सिफारिस गरे मोजिमको विउको जात तथा मलको प्रयोग गर्नुपर्नेछ। |
| ७ | वीउ उत्पादन कृषकलाई वीउ तथा कृषि औजार आदिमा सहयोग कार्यक्रम | स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही प्रस्तावित परियोजनाको लागतको बढीमा ५० % सम्म | १० | १०.० | • यो कार्यक्रम संचालनका लागि कृषि समूह, कृषि कम्पनी तथा कृषि सहकारीहरुले मात्र आवेदन पेश गर्न सक्नेछन्। |



ज्ञान केन्द्र प्रमुख
२०७७/०३/२६

Scanned with CamScanner

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | बालीको बिमा शुल्कमा २५ प्रतिशत अनुदान कार्यक्रम | स्वीकृत बार्षिक बजेटको परिधिभित्र रही प्रस्तावित परियोजनाको लागतको बढीमा २५% सम्म | २ | ४.० | • यस कार्यक्रममा कृषक, कृषि फर्म, कम्पनी, कृषक समूह, कृषक समिति वा कृषि सहकारी संस्थाहरुले बिमा जोखिम स्वीकार भएको अवधि भित्र आवेदन पेश गर्न सक्नेछन्। |

देहाय

१. रु. १० को टिकट टाँस गरी तोकिए बमोजिमको ढाँचाको निबेदन सहितको प्रस्तावना।

२. संस्थाको दर्ता/नबिकरण प्रमाणपत्र|

३. PAN/VAT दर्ता प्रमाण पत्र|

४. अघिल्लो आ.ब. को बार्षिक अडिट रिपोर्ट तथा करचुक्ता प्रमाणपत्र|

५. संस्था सञ्चालक समितिको बैठक निर्णयको प्रतिलिपि।

६. अघिल्लो दुई आर्थिक वर्षमा कुनै कार्यालयबाट अनुदान प्राप्त गरेको वा नगरेको स्वघोषणापत्र|

७. स्थानीय तह वा वडाको कार्यक्रम सञ्चालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र।

८. प्रस्तावित आयोजना संचालन हुने क्षेत्रको लालपुर्जाको प्रतिलिपि वा जग्गा करारमा लिई कार्यक्रम संचालन गर्ने हकमा न्युनतम १० बर्षको लागि प्रचलित कानुन बमोजिम भएको करार सम्झौताको प्रतिलिपि।

९. कृषकको हकमा नागरीकताको प्रमाणपत्र, स्थायी लेखा नम्बर, तरकारी लगाउने जग्गाको लालपुर्जाको प्रतिलिपि पेश गर्नुपर्ने छ।

१०. बिमाको लागि कृषि वाली बिमालेखको प्रतिलिपि, विमा शुल्क(प्रिमियम) तिरेको सक्कली विल, बिमितको नागरिकताको प्रतिलिपि वा संस्थाको नाममा बिमालेख जारी भएको हकमा संस्था दर्ता सम्बन्धी कागजात, निवेदकको स्थाई लेखा नं (PAN) खुल्ने कागजात र बैंक खाता सम्बन्धी विवरण पेश गर्नुपर्नेछ।

नोटः कार्यक्रम सम्बन्धि निबेदन तथा प्रस्तावनाको ढांचा यस केन्द्र तथा केन्द्रको सम्पर्क इकाई मुस्ताङ्गका साथै केन्द्रको आधिकारिक वेबसाइटमा समेत उपलब्ध छ|

**थप जानकारी तथा सम्पर्कको लागि- myagdi.akc.gov.np (वेवसाइट), ०६९५२०६३० (कार्यालय), ९८५१२२१३६४ (गोबिन्द पाण्डे, कृषि प्रसार अधिकृत)**

२०८१/०३/२८

फोन नंः ०६९-५२०६३०, इमेलः akcmyagdi@gmail.com, वेब साइटः myagdi.akc.gov.np